# आर्थिक वर्ष २०८२/८३ को

## वार्षिक नीति तथा कार्यक्रम

स्थानीय सरकार

लुङ्ग्री गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

पेश गरेको मितिः २०८२ जेठ १८ गते

पारित भएको मितिः २०८२ असार १० गते

**लुङ्ग्री गाउँपालिका गाउँ सभाको १९[औं] अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री भरत कुमार थापाले पेश गर्नु भएको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम**

**गाउँ सभाका सदस्यहरू,**
**सभाका सचिव तथा सम्पूर्ण कर्मचारीहरू,**
**सञ्चारकर्मी तथा पत्रकारहरू,**
**अन्य उपस्थित महानुभावहरू,**

महान लक्ष्य र पवित्र उद्देश्य बोकेको हाम्रो लुङ्ग्री गाउँपालिकाको गाउँ सभाको १९[औं] अधिवेशनमा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा मलाई असाध्यै हर्ष र गर्वको महसुस भएको छ । यो वार्षिक नीति तथा कार्यक्रम तर्जुमा कार्यमा खट्नुहुने सम्पूर्ण कर्मचारी र सुझाव सल्लाह दिएर सहयोग गर्नुहुने सहयोगी महानुभावहरूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। यस अवसरमा नेपालको राजनैतिक अग्रगमन, लोकतान्त्रिक सबलीकरण एवं समाजवाद उन्मुख संविधान निर्माणका खातिर विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जलयुद्ध र मुक्ति युद्धहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गरेर सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरू प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, बेपत्ता योद्धाहरू प्रति उच्च सम्मान प्रकट गर्दछुँ, घाइते, अशक्त, अपाङ्ग योद्धाहरूको शीघ्र स्वास्थलाभ र दीर्घ जीवनको कामना गर्दछुँ। साथै शोक सन्तप्त परिवार र आफन्तजन प्रति गहिरो समवेदना व्यक्त गर्दछुँ ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासीको समृद्धिको चाहना, गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य, निर्वाचनका क्रममा मत दातासँग गरिएका प्रतिबद्धता लगायतका दस्तावेजलाई आधार बनाई आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरूको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोत र साधनको अधिकतम पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो र फराकिलो आर्थिक विकास मार्फत "समृद्ध लुङ्ग्रीः सुखि लुङ्ग्री बासी" भन्ने दीर्घकालीन सोचलाई पुरा गर्न संघीय र प्रदेश सरकारसँग समन्वय, सहकारीता र सह-अस्तित्वका आधारमा निजी, सामुदायिक र गैर सरकारी संस्थासँगको साझेदारीमा विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

दिर्घकालिन सोँचले लिएका लक्ष्य तथा उदेश्यहरूको क्रमशः कार्यान्वयन गर्दै कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत आर्थिक समृद्धि हासिल गर्नुका साथै प्राकृतिक स्रोत साधनको उत्पादनशिल र दिगो उपयोग मार्फत सफा, स्वच्छ र सुन्दर गाउँपालिकाका रुपमा यस गाउँपालिकालाई परिचित गराउनु यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता रहनेछ।

**सभाका सदस्यहरू,**

**(क) <u>विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक ,प्रशासनिक, आदि)</u>**

राज्यको पुनर्संरचना मार्फत स्थापना भएका स्थानीय सरकारहरू अनुभव बटुल्दै र क्षमता विकास कै क्रममा रहेका छन्। संविधानले दिएको अधिकार प्रयोग मार्फत नीति तर्जुमा र कार्यान्वयन गर्दै भौतिक, आर्थिक तथा प्रशासनिक रूपमा आफूलाई सबल बनाउँदै जाने क्रममा स्थानीय तहहरूले कैयौं समस्याहरूको सामना गर्दै आइरहेका छन् । आफ्ना दिगो र भरपर्दो आर्थिक स्रोतहरु नुहुँदा स्थानीय सरकारको प्रमुख आम्दानीको स्रोत संघीय र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र बाँडफाँटबाट प्राप्त हुने राजस्व नै हो। संघ र प्रदेश सरकारबाट समयमा अनुदानहरू प्राप्त नहुँदा वित्तीय हस्तान्तरण मार्फत कार्यान्वयन हुने कार्यक्रमहरू समयमा कार्यान्वयन हुन सकेका छैन् । हालसम्म कार्यान्वयन हुँदै आएका नीति तथा कार्यक्रमहरूबाट अपेक्षित नतिजा प्राप्त गर्न नसक्दा उक्त नीति तथा कार्यक्रमहरूलाई उत्पादनमुखी र प्रभावकारी ढंगबाट कार्यान्वयनमा जोड दिइएको छ।

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार नेपालको जनसंख्याको ठूलो हिस्सा उत्पादनशील हुँदा हुँदै पनि त्यसको लाभ लिन नसिकएको राष्ट्रिय समस्याबाट यस गाउँपालिका पनि अछुतो छैन । युवा जनशक्तिको वैदेशिक रोजगारी मोह एवं बाध्यता र आर्थिक रुपमा सम्पन्न वर्गको आन्तरिक तथा वाह्य बसाइ सराइका कारण गाउँपालिका भित्र प्रशस्त आर्थिक गतिविधि संचालन हुन नसक्दा मानव विकासको सूचकमा खासै सुधार हुन सकेको छैन् । कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण र विविधिकरण गरी युवा जनशक्तिलाई गाउँपालिका भित्रै रोजगारी र स्व-रोजगारको अवसर सिर्जना गर्नु तथा शिक्षा स्वास्थ्यको गुणस्तरमा वृद्धि गरी बसाइ सराइलाई न्यूनीकरण गर्दै जानु हामी सबैको साझा मुद्दा हुन पुगेको छ।

समाजमा विद्यमान रहेका जातीय विभेद, बाल विवाह, घरेलु तथा महिला हिंसा जस्ता सामाजिक कुरीतिको अन्त्य र समाजमा रहेका सबै वर्ग, लिङ्ग, धर्म, जाति, समुदायहरूको शासन तथा सेवा प्रवाहमा समान र औचित्यपूर्ण सहभागीताका लागि समावेशी लोकतन्त्रको आवश्यकता हो।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि सेवा प्रवाहमा बिद्युतीय प्रणालीलाई व्यापक र प्रभावकारी बनाउनु पर्ने आवश्यकता देखिन्छ । साथै गाउँपालिकामा रहेको कर्मचारी अभावका कारण सेवा प्रवाहमा परेको प्रभावलाई समेत मध्यनजर गरी अगाडी बढ्नुपर्ने अवस्था रहेको छ।

**सभाका सदस्यहरू,**

**(ख) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौतीः**

**१. विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

- संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भइ २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
- आफ्ना अधिकार क्षेत्र भित्रका धेरै विषयमा नीति, ऐन, कानून तर्जुमा, योजना तर्जुमा भई कार्यान्वयनमा आएका।
- विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
- गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
- सबै वडाका अधिकांश बस्तीहरुमा सडक र विद्युत पूर्वाधारको पहुँच हुनु ।
- सडक निर्माणमा भएको लगानी सँगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजारसम्मको पहुँच स्थापित हुनु ।
- राजश्व संकलनका दर क्रमिक रूपमा वृद्धि हुँदै जानु ।
- आम नागरिकहरू स्थानीय सरकार मार्फत प्राप्त गर्ने सेवा, सुविधाको बारेमा जानकार हुँदै जानु।
- प्राकृतिक स्रोत तथा नदि जन्य पदार्थ को (बालुवा ,गिट्टी ,ढुंगा) निश्चित मापदण्ड अबलम्बन गरि आन्तरिक श्रोतमा समावेश हुनु ।

## २. विद्यमान चुनौतीहरू:

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन:

- ❖ सीप मूलक तथा रोजगार उन्मुख शैक्षिक प्रणालीको विकास गर्नु ।
- ❖ गुणस्तरीय बिउबिजन तथा मलखाद समयमै कृषकलाई उपलब्ध गराउनु तथा कृषि उत्पादनको बजारको सुनिश्चितता गराउनु ।
- ❖ युवा जनशक्तिलाई कृषि व्यवसायमा आकर्षित गर्दै व्यवसायिक कृषकको संख्या वृद्धि गर्दै जानु।
- ❖ वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु ।
- ❖ निर्माण भएको पूर्वाधारको मर्मत सम्भार पद्धतिको विकास गर्नु ।
- ❖ निर्माण भएका व्यक्तिगत संरचनाहरूको अभिलेखीकरण गर्नु र नक्सा पास गरेर मात्रै नयाँ संरचना निर्माण गर्नु ।
- ❖ वैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक एवम् उपयुक्त भूउपयोग योजनाको व्यवहारिक तथा प्रभावकारी कार्यान्वयन गर्नु गराउनु ।
- ❖ सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
- ❖ नागरिकलाई सहज र सरल सेवा प्रवाहको अनुभूति गराउनु ।

**सभाका सदस्यहरू,**

(ग) **नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम तर्जुमा भएका आवधिक योजना, मध्यमकालिन खर्च संरचना ,वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान ,राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू, राष्ट्रिय योजना आयोगबाट प्रकाशित दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका अनुसार विभिन्न चरणको सहभागिता मूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

गाउँपालिकाको आर्थिक, सामाजिक र पूर्वाधार विकासका साथै भौगोलिक तथा सांस्कृतिक विविधताको संरक्षण र प्रवर्द्धन गर्न गाउँपालिका भित्रका आम उपभोक्ता, उद्योगी, व्यवसायी, सामाजिक तथा गैर सरकारी संस्था, अन्य विकास साझेदार निकाय तथा आम नागरिकको प्रत्यक्ष सहभागीता रहँदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरूको स्पष्ट दृष्टिकोणलाई प्रशासनिक संयन्त्रले प्राविधिक तथा कानुनी ढाँचा भित्र आबद्ध गराई जनसहभागिता एवं जनपरिचालन मार्फत विकास व्यवस्थापन तथा सेवा प्रवाहलाई थप प्रभावकारी गराउँदै शासन व्यवस्थामा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं मितव्ययीता कायम गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (**O & M**) लाई अद्यावधिक गरी छिटो छरितो एवम् चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालू खर्चलाई थप मितव्ययी बनाइनेछ । संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण बापतको रकम पुँजीगत तथा तुलनात्मक लाभका क्षेत्रमा लगानी वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिइने छ। जनताका आधारभूत आवश्यकता र मौलिक हकहरूको सुनिश्चितताामा प्राथमिकता दिँदै विकास आयोजनाहरूको कार्यान्वयन गरिनेछ ।

**सभाका सदस्यहरु,**

**(घ) चालु आ व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण.**

**१. पूर्वाधार विकास (सडक, भवन, खानेपानी, सिंचाइका क्षेत्रमा भएका उपलब्धी)**

**सडक यातायातः** यस गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ । संघीय सरकारको ग्रामीण सडक पूर्वाधार सुधार परियोजना मार्फत यस गाउँपालिकाका वडा नं. ४, ५, ६ र ७ लाई जोड्ने प्रमुख सडक र प्रदेश सरकार मार्फत गाउँपालिकाको केन्द्र सम्मको पहुँचमार्ग कालोपत्रे भएको छ । गाउँपालिका भित्रका विभिन्न बस्ती तथा वडा जोड्ने थुप्रै सडकहरुको स्तरोन्नती तथा ग्रावेल भएको छ । गाउँपालिका मार्फत गाउँपालिकाको सेवा क्षेत्र भित्र नयाँ ट्र्याक खोल्ने भन्दा भएका सडकहरुको स्तरोन्नती गरी बाह्रै महिना संचालन गराउनमा जोड दिँदै अत्यावश्यक स्थानमा मात्र नयाँ ट्र्याक खोलिएको छ । गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न भएकाले गाउँपालिकाबासी जनताहरुले छिटो छरितो र प्रभावकारी सार्वजनिक सेवा प्राप्त गर्ने सुनिश्चितता भएको छ ।

गाउँपालिका भित्र रहेका पानीका स्रोतहरूको उपयोग गरी उपभोक्ता समिति मार्फत जनसहभागितामा साना सिँचाइ योजनाहरू कार्यान्वयन हुँदै आएका छन् । यी योजनाहरूको कार्यान्वयन मार्फत खेती योग्य जमिनहरूमा सिँचाइ सुविधा विस्तार भई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि हुँदै गएको छ।

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँग साझेदारीमा किलाचौर - ताराहान्ने मोटरबाटोको स्तरवृद्धि गरि कालोपत्रे गर्ने, लिफ्ट प्रविधिमा आधारित खानेपानी योजनाहरु निर्माण भइरहेको तथा विभिन्न खानेपानी योजना सम्पन्न हुने चरणमा रहेको छ ।

२. **सामाजिक विकास (शिक्षा,स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकाभित्र ५ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १३ वटा सामुदायिक स्वास्थ्य इकाइबाट स्वास्थ्य सेवा प्रवाह भइरहेको छ । चालू आ.व. भित्र सामुदायिक र आधारभुत स्वास्थ्य केन्द्र तथा इकाइहरुको पक्कि भवनको निर्माण सम्पन्न हुनेछ र स्वास्थ्य चौकीहरूको भवनको हकमा मापदण्ड अनुसारको २ वटा निर्माण भैसको र अन्य ३ वटा संस्थाको भवन निर्माण प्रक्रियामा रहेका छन् । साथै १५ शैया आधारभूत अस्पतालको जग्गा प्राप्ति पश्चात डिपिर सम्पन्न भई भवन निर्माण प्रक्रिया अगाडी बढाइएको छ ।

स्वास्थ्य संस्था मार्फत नियमित रुपमा खोप सेवा, गर्भवती जाँच तथा सुत्केरी सेवा, पोषण कार्यक्रम संचालन, स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन हुँदै आएका छन् । खोप सेवामा सबै लुङ्ग्री बासीको पहुँच सुनिश्चितता भएकाले चालु आ.ब.मा यस गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गरिएको छ। स्वास्थ्य संस्थाबाट गर्भजाँच गरी सुत्केरी हुने महिलाको संख्या बढोत्तरी हुदै गएकाले गत आ.ब. मा ५ वटा वडालाई शून्य होम डेलीभरि मुक्त वडा घोषणा भैसकेको छ । चालू आ.ब.मा बाँकी २ वटा वडालाई समेत घोषणा गरी गाउँपालिकालाई शून्य होम डेलिभरी मुक्त गाउँपालिका घोषण गरिने छ । ५ वटा वडामा पूर्ण संस्थागत सुत्केरी घोषणा भैसकेको छ, बाकी २ वटा वडा घोषणा गरी गाउँपालिकालाई नै पूर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्ने अन्तिम चरणमा रहेको छ । साथै, संस्थागत सुत्केरीलाई १ केजी घ्यू तत्काल र गाउँ क्लिनिकमा बच्चा तौलिन आएका आमा र बच्चालाई अण्डा वितरण गरि पोषण सम्बन्धी स्वास्थ्य शिक्षा मार्फत पोषण सुधारमा टेवा पुगेको छ ।

गाउँपलिकाले विभिन्न संघ संस्था तथा साझेदार निकायहरूसँग समन्वय गरी वृहत् किसिमको स्वास्थ्य शिविरहरू आयोजना गरि गाउपालिकाबासिलाई विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्रवाह गरिएको छ । गाउँपालिकाका भित्र रहेका स्वास्थ्य संस्थाहरूबाट सुत्केरी हुन नसकी बाहिर रिफर गर्ने अवस्थामा निःशुल्क एम्बुलेन्स सेवा प्रदान गराइएको छ र५ वर्ष मुनि र ७० वर्ष माथिका बिरामीहरूलाई ५० प्रतिशत सहुलियत सहितको एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ । गाउँपालिकाले शैक्षिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर सुधार गरी सबै बालबालिकाको विद्यालयसम्मको पहुँच सुनिश्चितका गर्न विद्यालयहरूमा आवश्यक पर्ने जनशक्तिको व्यवस्था, सूचना प्रविधि युक्त पूर्वाधारको विकास, विद्यालय भवन निर्माण, प्रयोगशाला, पुस्तकालय लगायतका पूर्वाधार विकासमा संघ र प्रदेश सरकारसँग सहकार्यमा योजना तथा कार्यक्रमहरू सञ्चालन भएका छन् ।

आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। विद्यालयहरूले संचालन गर्ने विभिन्न शैक्षिक गतिविधि तथा अतिरिक्त क्रियाकलापहरूमा एकरुपता ल्याउन शैक्षिक पात्रो प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ। बालबालिकाको विद्यालयसम्मको पहुँचमा थप सहजता आउन चालू आ.ब. मा थप ४ वटा विद्यालयलाई माध्यामिक तह कक्षा १० सम्मको पठन पाठनका लागि अनुमति दिइएको छ, १ वटा विद्यालयलाई ४ कक्षा सञ्चालनका लागि अनुमति प्रदान गरिएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण पूर्ण रूपमा विद्युतीय प्रणालीमा मार्फत हुँदा वितरण कार्य थप पारदर्शि र व्यवस्थित भएको छ। गाउँपालिकाले महिला, अपाङ्ग, दलित लगाएतका लक्षित समुदायको आर्थिक सशक्तिकरण र सवलीकरणका लागि विभिन्न सिप युक्त तालिम संचालन गर्दै आएको छ। रोजगार सेवा केन्द्र मार्फत वेरोजगारहरुलाई प्राथमिकिकरणका आधारमा १०० दिनको रोजगार सुनिश्चित गरिदै आएको छ। बालबिवाह, महिला हिंसा, जातिय विभेद जस्ता सामाजिक कुरीति न्यूनिकरणका लागि विभिन्न कार्यक्रमहरू संचाल हुँदै आएका छन् ।

हुरेक (HURAC) नेपालसँगको सहकार्यमा सामाजिक विकाससँग सम्बन्धित विविध सीप विकास कार्यक्रमहरु, शिक्षा स्वास्थ्य सँग सम्बन्धित कार्यक्रमहरू लगायत मनोसामाजिक परामर्श सेवा समेत सम्पादन गरिएको छ ।

३. **आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी) का क्षेत्रमा भएका उपलब्धी**

कृषि सहकारी संस्थालाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ। हेफर प्रोजेक्ट नेपालसँगको साझेदारीमा कृषि तथा पशु विकासमा आधारित साझेदारी कार्यक्रम मार्फत पशुपालनमा व्यवसायीकता तथा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी उत्पादित कृषि तथा पशु उपजहरूको बजारीकरणका लागि विभिन्न कार्यक्रम संचालन भइरहेको छ।
साथै गाउँपालिकाको कृषि तथा पशु विकास शाखा मार्फत निःशुल्क भेटेनरी औषधि वितरण तथा कृषि बीउ बिजन वितरणको कार्य भइरहेको छ। कृषि तथा पशुमा आधारित सहकारी संचालनका लागि हेफर प्रोजेक्ट नेपालको साझेदारीमा कृषि उपज संकलन केन्द्रको निर्माण भएको एवं चालु आ. व. मा चिस्यान केन्द्रको स्थापना समेत गरिदैछ साथै आगामी आ.ब.मा यसलाई संचालनमा ल्याइने छ।यस गाउँपालिकाको पर्यटन गुरुयोजनाको कार्यान्वयन गरि गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्न ती स्थलहरुको बारेमा फोटो र संक्षिप्त चिनारी सहितको बुकलेट प्रकाशन गरी विभिन्न संचार माध्यम र कृषि तथा पर्यटन प्रवर्द्धन सम्बन्धि महोत्सव मार्फत प्रचार प्रसार गरिएको छ। यसबाट ती पर्यटकीय स्थलहरुमा आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुने देखिन्छ।

४. **सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचनासार्वजनिक निजी , साझेदारी एवं समन्वय) मा भएका उपलब्धि**

गाउँपालिकाबाट हालसम्म १४ वटा ऐन, ५ वटा नियमावली, ३ वटा निर्देशिका र ४२ वटा कार्यविधि, १ वटा गुरु योजना र २ वटा विधानको नमुना कार्यान्वयनमा रहेका छन् । गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनको सुरुवात गरिएको छ।

यस गाउँपालिकाले गत आ.व. २०८१/८२ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९४.२५ अंङ्क सहित दोस्रो स्थानमा कायम रहेको छ, र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ९८ अंक प्राप्त गरेको छ । साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आ.ब. २०८१/८२ को कार्यसम्पादनमा आधारित समानिकरण अनुदान हस्तान्तरणका लागि गरेको कार्य सम्पादन मूल्याङ्कनमा ६३.९९ अङ्क प्राप्त गरी यस गाउँपालिका

रोल्पा जिल्लामा तेस्रो स्थान हुन सफल भएको छ । यस्ता खालका कार्यसम्पादनमा आधारित मूल्याङ्कनहरूमा थप सुधार गर्न विकास व्यवस्थापन र सेवा प्रवाहलाई थप जनमुखी र पारदर्शिता बनाउँदै लगिने छ ।

**सभाका सदस्यहरु,**

अब म आ.व. २०८२/८३ को विभिन्न विषयगत एवं क्षेत्रगत प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

**<u>आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम</u>**

**कृषि**

१. आर्थिक विकासको मेरुदण्डको रूपमा रहेको कृषिलाई बजार मुखी बनाई उत्पादित वस्तु तथा बालीहरूको उचित मूल्यमा विक्रीको सुनिश्चितता गर्न विशेष अनुदानको व्यवस्था गरिनुका साथै रैथाने बालीहरूको संरक्षण, खेती विस्तार र बजारीकरणको लागी विशेष प्रबन्ध मिलाइनेछ ।

२. गाउँपालिका भित्र उत्पादन हुने खाद्यन्न, फलफूल तथा तरकारी बालीहरुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नका लागि कृषि योग्य भूमिको माटोको जाँच गरी माटोमा भएको खाद्यत्वको अवस्था अनुकुलको बाली लगाउन सिफारिस गर्ने, जैविक विषादी बनाउन र उपयोग गर्न प्रेरित गर्ने, रासायनिक मलको प्रयोगलाई न्यूनिकरण गर्न कम्पोस्ट मल, गड्यौले मल, हरियो मल उत्पादन र प्रयोग गरी गुणस्तरीय र अर्गानिक उत्पादनमा जोड दिने र गुणस्तरीय बीउ बेर्ना अनुदानमा दिइनेछ ।

३. एकीकृत खेती प्रणालीलाई अवलम्बन गर्न गाउँपालिका भित्र उत्पादन हुने प्रमुख बालीको पहिचान गरि सामूहिक तथा चक्लाबन्दी अनुसार पकेट क्षेत्र निर्माण कार्यक्रम सञ्चालन गर्ने र खाद्यान्न, फलफूल तथा तरकारी बालीमा देखा पर्ने रोग किराहरुको पहिचान र न्युनिकरणका लागी बालि रोग शिविर सञ्चालन गरिनेछ ।

४. कृषि क्षेत्रमा नवीनतम प्रविधिको उपयोग गरी कृषकको आय स्रोतमा सुधार ल्याउन संघ तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरि परम्परागत कृषि प्रणालीलाई व्यवसायी,

यान्त्रिकरण र आधुनिककरण तर्फ लगिनुका साथै गाँउपालिका स्तरमा कृषि डेमो स्थापना गरि कृषि प्रविधि प्रदर्शन गरिने छ ।

५. लुङ्ग्री गाउपालिकामा भित्रिने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई रैथाने बालीको परिकार परम्परागत ढंगबाट बनाएर खुवाउनको निम्ति यस पालिका भित्र होम स्टे सञ्चालनमा ल्याउने र गाउँपालिका भित्र सञ्चालित होटल तथा रेस्टुरेन्टहरुको मेन्युमा रैथाने बालीको परिकार राख्ने व्यवस्था मिलाइनेछ साथै सो सम्बन्धी अभिमुखिकरण कार्यक्रम तय गरिनेछ। साथै, लुङ्ग्री गाउपालिकाको कृषि अर्थतन्त्रमा सुधार ल्याउन तथा पोषण सुधार गर्नका लागि **"एक घर, एक करेसाबारी"** को अवधारणालाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिकाभित्र रहेका कृषिकहरुको जीविकोपार्जनमा सुधार ल्याउन तथा अगुवा कृषकहरुलाई प्रोत्साहित गर्न कृषि तथा पशुपन्छी सम्बन्धी तालिम सञ्चालन गर्ने, कृषक पाठशालाको मोड्युल (farmers field school) सञ्चालन गर्ने, उत्पादनमा आधारित अनुदान, माग र आवश्यकता अनुरूपको कृषक तालिम सञ्चालन गर्ने, कृषकको बाली विभिन्न कारणले क्षति हुन आउने जोखिम न्यूनिकरण गर्नका लागी बाली बीमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, बढ्दो रासायनिक विषादीको प्रयोगलाई कम गर्न विषादीको असर सम्बन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने र जैविक विषादीको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

७. मौसमी तथा बेमौसमी खेतीका लागि सिँचाइका स्रोतहरुको खोजि गरि सिँचाईका पूर्वाधारहरु निर्माण गरिने तथा थोपा सिँचाई, जुठेल्नु पानी संकलन र प्लाष्टिक पोखरी निर्माण गरि आकाशे पानी संकलनका तरिकाहरू अपनाउन प्रोत्साहन गरिनेछ ।

८. गाउँपालिका भित्रका कृषि उत्पादनलाई बजार सँग जोड्न कृषि उत्पादनको वर्गीकरण, प्याकेजिङ र प्रभावकारी विक्री वितरणको व्यवस्थापनका लगि कृषि उपज संकलन केन्द्र तथा चिस्यान केन्द्र सञ्चालनमा ल्याइनेछ ।

**पशुपन्छी**

९. पशुपन्छीको प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधी वितरण गर्ने र उन्नत पशु प्रजननको लागी आवश्यक सिमेन खरिद गरी शत प्रतिशत अनुदानमा कृत्रिम गर्भाधानका लागि प्रोत्साहनको आवश्यक व्यवस्था गरिनेछ ।

१०. परम्परागत र निर्वाहमुखी कृषि तथा पशुपालनको विकल्पमा कृषकहरूलाई आधुनिक र सामूहिक कृषि तथा पशुपालन प्रणाली तर्फ प्रेरित गर्न सिप, ज्ञान र प्रविधि उपलब्ध गराउँदै आवश्यक तालिमको व्यवस्था गराइनेछ । साथै पशुपन्छीको बिमा बारे जानकारी गराउन सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

११. पशु आहारामा आत्मनिर्भर बनाउन तथा उत्पादन लागत कम गर्न घासँ उत्पादन प्रवर्द्धन गर्दै उत्पादनमा आधारित अनुदान वितरण गरिनेछ । तथा आहारा विकासको लागि सुत्केरी पोषण वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पशु स्वास्थ्य उपचारलाई कृषकको घरदैलो सम्म पुऱ्याउन स्वास्थ्य शिविर तथा आवश्यकता अनुसार घरदैलो सेवा कार्यलाई निरन्तरता दिईनेछ, पशुपन्छीहरुमा लाग्न सक्ने विभिन्न रोगहरू विरुद्धको भ्याक्सिनेसन कार्यक्रम संचालन गरिनेछ । साथै, गाउँपालिका स्तरीय उत्कृष्ट पशुपालन गर्ने कृषकलाई सम्मान तथा पुरस्कारको व्यवस्था मिलाईनेछ ।

**सहकारी तथा गरिबी निवारण**

१३. गाउँपालिका भित्र विभिन्न विषयगत सहकारी संस्था, कृषि समूह, निजी फर्म दर्ता/सुचिकृत र कार्य क्षेत्र अनुमति जस्ता विषयहरूलाई व्यवस्थित गर्न लुङ्ग्री गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई सहकारी विभागद्वारा सञ्चालित कोपोमिस (COPOMIS) अनलाइन प्रणालीमा आबद्ध गरि गाउँपालिका भित्र सञ्चालित सहकारीको गठन, व्यवस्थापन, आर्थिक कारोबार लगायतका पक्षहरुको प्रभावकारी अनुगमन गरिने छ ।

१४. कृषि सहकारी/समूह मार्फत व्यावसायिक कृषि विस्तार, उत्पादन बिक्रीमा बजार सुनिश्चितता गरिनेछ । सहकारी संस्था मार्फत सहुलियतमा खाद्यान्न तथा आवश्यक पर्ने रासायनिक मल वितरण गर्ने र विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ व्यवस्थित रुपमा कार्यान्वयन गरिने छ ।

**उद्योग, पर्यटन, संस्कृति र सम्पदा संरक्षण**

१५. गाउँपालिका भित्र रहेका बहु मूल्य प्राकृतिक स्रोत साधनको पहिचान गरी औधोगिक कच्चा पदार्थको रूपमा प्रयोग हुने स्रोतहरूको उत्खनन, संकलन तथा बजारिकरण सम्भाव्यता अध्ययन गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

१६. स्थानीय कच्चा पदार्थ प्रयोग गरी निर्माण भएका साना तथा घरेलु उद्योगहरूको संरक्षण र प्रवर्द्धनका लागि सहुलियत प्रदान गरिने छ । तथा, उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

१७. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजनाको आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका पूर्वाधार निर्माणका गरिनेछ । साथै, युद्ध पर्यटन संङ्गहालय निर्माण गर्न पहल गरिनेछ ।

१८. पैदल यात्री पर्यटकहरूको आकर्षणलाई बढाउनका लागि गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूलाई जोड्ने गरी **"लेक टु लेक पदमार्ग"** निर्माणको व्यवस्था मिलाइने छ ।साथै, स्थानीय कृषि उत्पादनको खपत हुने गरि होमस्टे संचालनका लागि अभिमुखिकरण गरि विविध प्रोत्साहन प्याकेजहरु समेतको प्रबन्ध गरिनेछ ।

१९. आन्तरिक तथा वाह्य पर्यटकको आकर्षणलाई बढाउन गाउँपालिका प्रवेशद्वार, मुख्य स्थान र चोकमा पर्यटकीय क्षेत्रको परिचय सहित आकर्षण गर्न बोर्ड राखिने, गाउँपालिका भित्रका विशिष्ट संस्कार, संस्कृति, रीतिरिवाज, चालचलनको संरक्षण एवम् प्रवर्द्धन गर्न भिडियो डकुमेन्ट्री बनाई प्रचार प्रसार गरिने छ ।

२०. गाउँपालिकाका महत्वपूर्ण सांस्कृतिक सम्पदाहरूको पहिचान तथा संरक्षण गरिनेछ । साथै, गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरूमा विविध जातीय भेषभुषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने गराउने नीति अवलम्बन गरिनेछ ।

**सभाका सदस्यहरु,**

**<u>सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम</u>**

**शिक्षा**

२१. लुङ्ग्री गाउँपालिकाको पञ्चबर्षिय गाउँ शिक्षा क्षेत्र योजना बमोजिम प्रविधिमैत्री, व्यवसायिक र गुणस्तरीय शिक्षामा अभिबृद्धि, समतामुलक पहुँच सहित लुङ्ग्रीको विकास र समृद्धि, भन्ने आदर्शलाई निरन्तरता दिदै कानुनी, नीतिगत तथा संस्थागत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तरमा नियमन एवं प्रवर्द्धन गरी शिक्षा क्षेत्रको समग्र व्यवस्थापनमा सुधार गरिदै लगिनेछ ।

२२. शैक्षिक कार्यक्रमहरुको संचालन तथा व्यवस्थापन सम्बन्धि शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) कार्यलाई निरन्तरता दिन विद्यालयमा कार्यरत कम्प्युटर सम्बन्धी काम गर्ने फोकल शिक्षकलाई क्षमता विकास तालिमको व्यवस्था मिलाइने छ । साथै, विद्यालय शिक्षाको आधारशिलाको रुपमा रहेको बालविकास केन्द्रको सुधार र व्यवस्थापनका लागि स्रोत, साधनको उचित व्यवस्था, न्यूनतम पारिश्रमिकमा सम्बोधन गरि कार्यरत सहजकर्ता शिक्षक र विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ ।

२३. लुङ्ग्री गाउँपालिकाको विद्यार्थी मुल्यांकन प्रणालीमा एकरूपता, विश्वसनीयता, वैद्यता र पारदर्शी बनाउन आधारभूत तह कक्षा ५ को वडास्तरीय र कक्षा ८ को गाउँपालिका स्तरीय परीक्षा संचालन प्रणालीलाई थप व्यवस्थित, मर्यादित बनाई निरन्तरता दिईनेछ ।

२४. समग्र शैक्षिक सुधार र गुणस्तरमा सुधार ल्याउन शैक्षिक क्षेत्रको भौतिक पूर्वाधार विकास, मर्मत सम्भार, बाल मैत्री बसाई व्यवस्थापन, स्वास्थ्य तथा सरसफाइको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षक तथा कर्मचारीहरुको पेशागत क्षमता विकासको लागि लगानी गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी मिलान, विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

२५. विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित तथा पोषणयुक्त बनाउनका लागि लुङ्ग्री गाउँपालिकामा उत्पादित स्थानीय कृषि उपजमा आधारित खाजाको व्यवस्था गरि कार्यान्वयन गरिनेछ ।

२६. गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर विकासका लागि बिषयगत विज्ञ समुह गठन तथा परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै, बिद्यालय निरिक्षण तथा अनुगमनलाई प्रभावकारी बनाई सुपरभाईजर इन क्लासरुम (Supervisor in classroom) कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२७. विद्यार्थीको आन्तरिक प्रतिभा प्रस्फुटन गराउन विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप, खेलकुद, प्रतिभा पहिचान, आधारभुत तह कक्षा ५, ८ र माध्यमिक तह कक्षा १० (SEE) परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरुस्कृत तथा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै, प्र.अ., शिक्षक, बि.व्य.स. समेतको सहभागितामा राष्ट्रिय स्तरका उत्कृष्ट ठहरिएका विद्यालयहरुको अवलोकन भ्रमण गरी असल अभ्यासहरुलाई सम्भाव्यताका आधारमा आफ्नो विद्यालयमा भित्र्याउन प्रोत्साहन गरिनेछ ।

२८. विद्यार्थी सिकाई प्रति शिक्षकलाई नियमितता र अभिभावकहरुलाई जिम्मेवार र जवाफदेहि बनाउन, विद्यालय शिक्षा उमेरसमूहका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन र टिकाइ राख्न अभिभावक शिक्षा तथा बहस पैरवी कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, परामर्श तथा मार्गदर्शनको अभावमा शिक्षक, अभिभावक तथा विद्यार्थीमा नैराश्यता उत्पन्न हुन नदिन परामर्श सेवा कार्यक्रम संचालन गरिनेछ ।

२९. विद्यालय शिक्षालाई प्रतिस्पधात्मक बनाउन सम्पूर्ण सामुदायिक विद्यालयमा सक्षम, योग्य, अनुभवि शिक्षकलाई प्रचलित कानुन बमोजिम प्र.अ. नियुक्ति गर्ने व्यवस्था मिलाई विद्यालय विकास तथा व्यवस्थापन प्रति प्र.अ.लाई थप जिम्मेवारी र उत्तरदायी बनाईनेछ ।

३०. गाउँपालिका शिक्षण सहयोग अनुदान शिक्षक, कर्मचारीहरुको सन्दर्भमा विद्यालयको आवश्यकता र औचित्यका आधारमा निरन्तरता दिदै पारिश्रमिकमा पुनरावलोकन गरिनेछ । साथै, विद्यालयस्तरमा सञ्चालित अतिरिक्त क्रियाकलाप अन्तर्गत रहेको खेलकुद विकासका लागि खेलकुद शिक्षकको व्यवस्था गरिनेछ ।

३१. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक स्वास्थ्य उपचार, किशोरकिशोरीमैत्री परामर्श उपलब्ध गराउन र स्वास्थ्य सचेतनाको लागि विद्यार्थीहरुलाई विद्यालयमै प्राथमिक उपचार गर्न घुम्ती विद्यालय नर्स कार्यक्रम संचालनलाई निरन्तरता गरिनेछ ।

३२. वडास्तरमा रहेका सबै विद्यालयहरुको संचालन अवस्था एवं शैक्षिक कार्यक्रमहरुको अनुगमन, नियमन तथा व्यवस्थापकीय सुधारमा वडालाई जिम्मेवारी बनाईनेछ ।

३३. विद्यालय शिक्षामा सूचना प्रविधि र नविनतम प्रविधिको विकासमा जोड दिई कुनै एक विद्यालयलाई सूचना प्रविधीमैत्री विद्यालय (Smart School) को रुपमा संचालन गरिनेछ र सोको लागी आवश्यक प्रविधि तथा पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

३४. विद्यालय सुशासन प्रणालीको विकासको लागि शिक्षक तथा विद्यार्थीहरुको विद्युतीय माध्यमबाट रेकर्ड र रिपोटिङ्ग प्रणालीको स्थापना गरिनेछ । यसका लागि प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा विद्युतीय हाजिरी जडान गरी संचालनमा ल्याइनेछ।

३५. गाउँपालिकाका सबै सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग गरेको कार्यसम्पादनको मूल्याङ्कनको आधारमा उत्कृट प्रधानाध्यापक घोषणा तथा सम्मान गरिनेछ। प्रधानाध्यापकले विद्यालयमा कार्यरत सबै शिक्षक तथा विद्यालय कर्मचारीसँग कार्यसम्पादन करार गर्ने गरी व्यवस्था मिलाइने छ।

**स्वास्थ्य**

३६. आ.व. २०८१/०८२ मा स्वास्थ्य तर्फबाट सञ्चालन भएका सम्पूर्ण नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

३७. स्वास्थ्य संस्थाबाट प्रसुती सेवा लिने आमा र शिशुको पोषण सुधार गर्न गाउँपालिकाबाट पोषण खाद्य सामाग्री **(घ्यु, अण्डा)** उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै, समुदाय तथा विद्यालयहरूमा जंङ्फुड खानालाई निरुत्साहित गर्न आवश्यक कार्यक्रम अगाडि बढाइनेछ ।

३८. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित बनाइनेछ ।

३९. निःशुल्क स्वास्थ्य घुम्ति शिविरमार्फत नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको उपचार, पाठेघर खसेका तथा पाठेघरको मुखको क्यान्सर समयमै पत्ता लगाउन निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाउने प्रयत्न गरिनेछ । साथै, सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुको नियमित स्वास्थ परीक्षण गर्ने व्यवस्था मिलाइने छ।

४०. स्वास्थ्य सेवा सर्वसुलभ र पहुँचयोग्य बनाउन बर्थिङ सेन्टर र स्वास्थ चौकीहरुको सेवाको स्तरोन्नति गरिनेछ । आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान सहुलियतपूर्ण एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ । गाउँपालिकाका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी स्थानीय स्वास्थ्य संस्थाको सिफारिसमा अन्यन्त्र रिफर हुने सुत्केरीको लागि निःशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिइनेछ । साथै, सीमान्तकृत, गरीव, द्वन्द्वपीडित, शहीद परिवार तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा को व्यवस्था गरिनेछ ।

४१. स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउन महिला स्वयंसेविकाहरूको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरूको सेवालाई प्रभावकारी तुल्याइनेछ र स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

४२. गाउँपालिकाको १५ शैया अस्पताल निर्माण कार्य प्रारम्भ गरिनेछ । साथै, स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड सम्बन्धी कार्यलाई सामुदायिक स्वास्थ्य इकाइ सम्म विस्तार गरिनेछ । स्थापना भएका सामुदायिक स्वास्थ्य इकाइ र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुलाई स्वास्थ्य चौकी सरहको सेवा प्रदान गर्नको लागि थप स्वास्थ्य कर्मीको व्यवस्था गरिनेछ । साथै, मातृ तथा नवजात शिशु मृत्यु दर कम गराउनको लागि गर्भावस्थामा जोखिमयुक्त काम नगर्ने सम्बन्धि सात वटै वडाहरुमा गर्भवतीहरुलाई सचेतना कार्यक्रम अगाडि बढाइनेछ ।

४३. किशोरीहरुमा हुने रक्त अल्पता न्यूनिकरण गर्नको लागि विद्यालय र समुदायस्तरमा आइरन फोलिक एसिड कार्यक्रमलाई प्रभावकारी किसिमबाट अगाडि बढाई आइरनयुक्त खानाको बारेमा सचेतना कार्यक्रम अगाडि बढाइनेछ । मानसिक स्वास्थ्य समस्यालाई न्यूनिकरण गर्नको लागि समुदाय तथा विद्यालयस्तरका कार्यक्रम सञ्चालन गरिनेछ । साथै, नसर्ने रोगका लागि योगा तथा जीवनशैली व्यवस्थापन संस्थागत कार्यक्रम, मलद्वार सम्बन्धी समस्या वा रोग बारे जनचेतनामुलक तथा स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. आपतकालिन समयमा सेवा प्रवाह गर्नको लागि पालिकास्तरीय दुर्त प्रतिकार्य टोलिलाई थप जिम्मेवारी बनाईनेछ । स्वास्थ्य संस्थाहरुबाट दिएको सेवालाई समयमै विद्युतीय प्रणालीबाट प्रविष्ट गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ । साथै, खोप सेवालाई व्यवस्थित बनाउनको लागि पालिकास्तरबाट खोप ढुवानीको व्यवस्था गरिनेछ साथै खोप तथा गाउँघर क्लिनिक संचालन हुने स्थानमा भवनको व्यवस्था गरिनेछ ।

४५. वैकल्पिक उपचार पद्धति तिर बिरामीको आकर्षण बढाउन गाउँपालिका भित्र रहेको नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थापन तथा सञ्चालन गर्न आवश्यक सामाग्री तथा औषधीको खरिद, पञ्चकर्म अन्तर्गत पूर्वकर्मको लागि आवश्यक सामग्री व्यवस्थापन गरी नागरिक स्वास्थ्य, सकारात्मक विचारको अभिवृद्धि गराउन योग तथा व्यायामलाई प्राथमिकता दिइनेछ ।

४६. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधी जन्य वनस्पतिको पहिचानका साथै जडीबुटीको संरक्षण तथा खेती प्रवर्द्धन कार्यहरू सञ्चालन गरिनेछ ।

**महिला बालबालिका तथा जेष्ठ नागरिक**

४७. महिला बालबालिका तथा जेष्ठ नागरिक एवम् लैंगिक उत्तरदायि बजेट बनाउन लक्षित समुहको लागि चालु बजेटको कम्तिमा ५ प्रतिशत रकम विनियोजन गर्ने व्यवस्था गरिनेछ । साथै, गाउँपालिका भित्र निर्माण हुने सम्पुर्ण सार्बजनिक भौतिक संरचनाहरु अपांगमैत्री, बालमैत्री र लैंगिकमैत्री बनाउन अवलम्बन गरिने छ ।

४८. दिगो विकासको लक्ष्य नं. ३ को ३.४.२ आत्माहत्याबाट हुने मृत्युदरमा न्युनिकरण गर्न मनोसामाजिक परामर्शकर्तालाई परिचालन गरिनेछ । तथा, बाल अधिकार सम्बन्धि महासन्धि, सन् १९८९ मा भएका प्रतिवद्धता, संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको प्रस्ताव नं

१३२५ र १८२० तथा बेइजिङ घोषणाका १२ वटा क्षेत्रहरुलाई समेटेर कार्यक्रम तय गरि कार्यान्वयन गर्दै लगिनेछ ।

४९. लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाह, जातिय एवम सामाजिक विभेद लगाएत सबै प्रकारका हिंसा निवारण गर्न महिला समुह समिति, टोलविकास संस्थाहरुको क्षमता विकास गरि परिचालन गरिनेछ । साथै, हिंसा प्रभावित महिला एवम बालबालिका हरुको लागि पुनस्थापना नहुन्जेल सम्मका लागि अल्पकालिन आवासको साथै मनोसामाजिक सहयोग एवम परामर्शको व्यवस्था गरिनेछ ।

५०. सामाजिक समावेशीकरणको दृष्टिले पछाडि परेका महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित तथा लक्षित समुहहरुको लागि कानुनि सचेतना, नेतृत्व विकास, क्षमता विकास एवम आयआर्जनका कार्यक्रमहरु संचालन गरि सामाजिक र आर्थिकरुपमा शसक्तिकरण गर्दै लगिनुका साथै हिंसा पिडीत महिला एवम बालिकाहरुको संरक्षण, व्यवस्थापन तथा जिविकोपार्जनमा सहजताका लागि लैंगिक हिंसा निवारण कोषको वृद्धि गर्दै लगिनेछ ।

५१. महिला, बालबालिका, जेष्ठनागरिक र अपांगता भएका व्यक्ति संग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरु विभिन्न अन्तरक्रियात्मक, जनचेतनात्मक, रचनात्मक र सिर्जनात्मक कार्यक्रमहरु संचालन गरि मनाउन निरन्तरता दिइनेछ ।

**सभाका सदस्यहरु,**

**भौतिक पूर्वाधार विकास**

५२. गत आ.व देखि समपन्न हुन नसकेका अधुरा योजनाहरूलाई प्राथमिकिकरण गरि आ.व. २०८२/०८३ मा सम्पन्न गरिनेछ ।

५३. उपभोक्ता समितीबाट निर्माण हुने योजनाहरूको हकमा समितीलाई म्यानेजमेन्ट कस्ट (Management Cost) को रूपमा खर्च गर्नको लागि लागत अनुमान तयार गर्दा आवश्यक व्यवस्था गरिनेछ ।

५४. मध्यमकालिन खर्च संरचना बमोजिम आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । तथा, दीर्घकालीन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजनालाई अध्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।

५५. पूर्वाधार निर्माण गर्दा तुलनात्मक लाभका क्षेत्रलाई प्राथमिकता दिइने छ। सामाजिक असमानताको अन्त्य गरी सामाजिक समावेशीकरणको प्रवर्द्धन गर्ने र समतामूलक समाज निर्माण गर्न सहयोग गर्ने पूर्वाधार निर्माणमा जोड दिइने छ ।

५६. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

५७. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ । र गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ ।

५८. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२, भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक कानून तथा मापदण्डको पालना एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरू लागु गरी सुरक्षित एवं व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ ।

५९. यस पालिकाभित्रका सडक व्यवस्थापनलाई दिगो विकाससँग जोड्न एवं सुरक्षित सडकको अवधारणालाई अबलम्बन गर्ने उद्धेश्यले लुङ्ग्री गाउँपालिकाको सडक गुरुयोजना तयार गरि लागु गरिनेछ ।

६०. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार गरी दिगो रुपमा उपयोगका लागि बजेटको सुनिश्चिता गर्न छुट्टै मर्मत संम्भार कोष र उपभोक्ता समितिबाट कार्यान्वयन हुने उप आयोजनाहरूको मर्मत संभार कोष स्थापना गरी कार्यान्वयनमा ल्याइने छ । साथै निर्माण भइसकेका पूर्वाधारहरुबाट निर्धारित लक्ष्य प्राप्ति भए नभएको मूल्याङ्कन गर्ने विधि अवलम्बन गरिने छ ।

६१. संघीय र प्रदेश सरकारसँगको समन्वय र सहयोगमा आवश्यक ठाउँहरुमा मोटरेवल पुल र झोलुङ्गे पुल निर्माण गरिने छ । साथै, स्थानीयबासीसँगको सहकार्यमा साना पानीको मुलहरुको उपयोग गरी खानेपानी व्यवस्थापनका लागि स्थानीय उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गरिने छ।

**खानेपानी तथा सरसफाइ**

६२. संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्य मार्फत खानेपानी सरसफाइ तथा स्वच्छता सेवाको योजनाबद्ध विकास गरिने छ । स्थानीय तहको नेतृत्वमा खानेपानी तथा सरसफाई तथा स्वच्छता योजना (Wash Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

६३. दिगो विकास लक्ष्य नं. ६ को कार्यान्वयन गर्न गाउँपालिका बासी सबैको निम्ति खानेपानी तथा सरसफाइको उपलब्धताका लागि **"एक घर, एक धारा"** को नीति अवलम्बन गर्दै पालिका भित्रका खानेपानीको एकमुस्ट डि पि आर (DPR) तयार गरी दिगो व्यवस्थापन सुनिश्चित गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

६४. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ । साथै, जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरूको पहिचान गरि संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरूबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

६५. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

६६. फोहर मैलाको दीर्घकालीन व्यवस्थापनको लागि ल्यान्डफिल साइडको निर्माण गर्ने, गल्ने फोहोरको कम्पोस्ट मल बनाउने, नगल्ने फोहोरको पुनः प्रयोगमा ल्याउने नीति अवलम्बन गरिने छ । साथै, प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक

झोलाहरुको प्रयोगलाई न्यूनिकरण गर्दै सोको सट्टामा जुटको झोला उपयोगमा ल्याउन प्रेरित गरिने छ ।

६७. खानेपानीको भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणमा पर्न सक्ने असरलाई न्युनिकरण गर्न खानेपानीको स्रोत वरिपरि हरियाली बनाउने र वायो इन्जिनियरिङको अवधारणालाई अवलम्बन गरिनेछ । साथै, गाउँपालिकाका मुख्य स्थानहरूमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरू निर्माण तथा सञ्चालनलाई अभियानका रूपमा अगाडी बढाइनेछ ।

६८. स्थानीय तहको संस्थागत संरचनामा "खानेपानी सरसफाइ तथा स्वच्छता इकाई" समावेश गरिने छ ।

**योजना, उपभोक्ता हित संरक्षण तथा तथ्याङ्क**

६९. उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिलाई कार्यविधि तर्जुमा गरी सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ । साथै, उपभोक्ता समिति मार्फत कार्यान्वयन भएका आयोजनाको दिर्घकालिन संचालन तथा मर्मतका लागि मर्मत संम्भार कोषमा जम्मा हुने गरी प्रत्येक आयोजनाबाट मर्मत संम्भार कोष संचालन कार्यविधिमा उल्लेख भए बमोजिम मर्मत संम्भार रकम कट्टी गरिनेछ ।

७०. गाउँपालिकाको उपयुक्त स्थानमा सुपथ मूल्य पसल वा खाद्य डिपो सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

७१. प्राविधिक जटिलता भएका, हेभी इक्विपमेन्ट प्रयोग हुने तथा ठुला आयोजनाहरुलाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने कार्यलाई निरुत्साहित गर्दै लगिनुका साथै उप आयोजना कार्यान्वयमा सहजता ल्याउन उपभोक्ता समितिका पदाधिकारिहरूलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

७२. गाउँपालिका/वडा स्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरुलाई आयोजनाको प्रभावकारी र गुणस्तरीय कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालनका लागि व्यवस्था मिलाइनेछ ।

७३. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक हकको संरक्षण र प्रवर्द्धन गर्न नियमित रूपमा गाउँपालिकाबाट वस्तुको गुणस्तर, विज्ञापन, लेबल, नापतौल, मूल्य आदिको अनुगमन गरिने छ ।

७४. मदिरा उत्पादनहरूलाई कानुनी दायरामा ल्याउन र मदिरा पसल दर्ता र नवीकरण गराउन प्रहरी सँगको सहकार्यमा विक्री, वितरण र सेवनलाई प्रभावकारी रूपमा अनुगमन गरिनेछ ।

**सभाका सदस्यहरु,**

**वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

७५. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिने प्रक्रियालाई निरन्तरता दिइने छ ।

७६. जैविक विविधता तथा पारिस्थितिक प्रणाली बचाउँन खाली जग्गामा वृक्षारोपण, रिचार्ज पोखरीको निर्माण, जमिन तथा जलाधारको संरक्षण, पहिरो तथा भू-क्षय नियन्त्रण हरियाली प्रवर्द्धन, डढेलो नियन्त्रण तथा वनजङ्गलको संरक्षण गरी वनजङ्गलबाट प्राप्त हुने लाभलाई सुनिश्चित गरिने छ।

७७. विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाउन विपद जोखिम न्यूनीकरण, भू-सुचना प्रणालीको प्रयोग, उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

७८. स्थानीय कृषि, जल स्रोत, बस्ती संरचना आदि जलवायु अनुकूल बनाउन बहुवर्षीय रणनीति बनाइनेछ । ग्रामिण घरधुरीलाई बायोग्यास, Improved cook stove, कम्पोष्ट प्रणाली प्रवर्द्धन गर्ने नीति बनाइनेछ । तथा, ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरूको अनधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७९. विद्यालय, महिला समूह, कृषकहरूलाई लक्षित गरी जलवायु परिवर्तन तथा वातावरणीय शिक्षा र विपद् सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । तथा स्थानीय सिमसार, पोखरी, साना खोल्सा आदि संरक्षणमा सामुदायिक जिम्मेवारी सुनिश्चित गर्ने नीति बनाइनेछ ।

८०.  जलवायु परिवर्तन अनुकुलनका सम्बन्धी कार्यहरु जस्तै खडेरी, सुख्खा, डुवान प्रतिरोधि बालीका जात लागाउन, थोपा सिँचाई, वृक्षारोपण गर्न कृषि, स्वास्थ्य, शिक्षा, वडा कार्यालय, रेडक्रस, प्रहरी लगायतका विभिन्न सरोकारवालासँग समन्वय गरी एकीकृत कार्यान्वयन गरिनेछ ।

**सभाका सदस्यहरु,**

**सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास**

८१.  लुङ्ग्री गाउँपालिका बाट निर्माण गरिने नीति, कार्यक्रम, आवधिक योजना, बजेट तथा कार्यक्रमलाइ थप यथार्थपरक, वस्तुगत तथा लक्ष्य केन्द्रित बनाउनको लागि गाउँपालिकाको डिजिटल प्रोफाइलबाट प्राप्त अध्यावधिक विविध क्षेत्रको तथ्यांकलाई आधार बनाइने नीति अबलम्बन गरिनेछ भने सो कार्यालाई थप वैज्ञानिक बनाउनको निम्ति लुङ्ग्री गाउँपालिकाको आर्थिक सर्वेक्षण गरिनेछ ।

८२.  गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित र पारदर्शी बनाउन, डिजिटल नागरिक वडापत्रको माध्यमको पहुँच पुऱ्याउन, गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्न, गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा अनलाईन प्रणालीको माध्यमबाट सम्बोधन गर्न नागरिक गुनासो ब्यवस्थापन प्रणाली को रुपमा “Lungri Sewa” नामक मोबाइल एप निर्माण गरि कार्यान्वयनमा ल्याइने छ ।

८३.  आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

८४.  जनप्रतिनिधिहरू तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धि गरी कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन विभिन्न तालिम, गोष्ठी, अन्तर क्रियात्मक कार्यक्रम जस्ता क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ । साथै, गाउँपालिकामा कार्यरत मानव संसाधन प्रयाप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञको रूपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

८५.  अनौपचारिक क्षेत्रका श्रमिक तथा करार सेवामा कार्यरत जनशक्तिहरूलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

८६. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिला-सुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनुका साथै सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरू र सार्वजनिक स्थानहरूमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरू राखिने छ ।

८७. गाउँपालिकाबाट प्रवाह हुने दर्ता चलानी, नक्सा पास, गुनासो व्यवस्थापन लगायत सबै सेवाहरूमा सफ्टवेयरमा आधारित बनाइ कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई कार्यान्वयन गरिनेछ । साथै, प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपूरकका रूपमा पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

८८. स्थानीय सरकारबाट प्रवाह हुने सेवा र विकास व्यवस्थापन थप पारदर्शी र नागरिक केन्द्रित बनाउन जनप्रतिनिधि र कर्मचारीलाई कार्यसम्पादनमा उत्कृष्ट भएका स्थानीय तहहरूको अध्ययन अवलोकन भ्रमण गराइ क्षमता विकासमा जोड दिइने छ।

८९. लुङ्ग्री गाउँपालिकामा कार्यरत गाउँपालिका स्वास्थ्य करार, प्राविधिक करार कर्मचारी र गाउँपालिका अनुदान शिक्षकलाई राज्यले व्यवस्था गरेको न्यूनतम पारिश्रमिक सेवा सुविधामा एकरुपता कामय गरि न्युनतम पारिश्रमिक उपलब्ध गराउन श्रोतको अध्ययन गरिनेछ ।

९०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरूका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।

९१. यस गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई परिणाममुखी गराउनका निम्ती कार्यसम्पादनमा आधारित मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहनको आवश्यक प्रबन्ध गरिनेछ ।

## सूचना प्रविधि

९२. लुङ्ग्री गाउँपालिका भित्रका जनताहरुको पहुँचमा डिजिटल प्लेटफर्मको पहुँचमा वृद्धि गर्नका लागि द्रुत गतिको इन्टरनेट तथा प्रविधिको पहुँच विस्तारका लागि सार्वजनिक-निजी साझेदारी (PPP) मा आधारित पूर्वाधार विकास नीति लागू गर्नुका साथै फ्रि-वाईफाई जोनको व्यवस्थापन गरिनेछ ।

९३. सुचना प्रविधिको क्षेत्रका दक्ष जनशक्ति बनाउन र विद्यालय, टोल, र विभिन्न समूहमार्फत डिजिटल साक्षरतामा सुधार गर्ने उद्देश्यले स्थानीय युवा तथा कर्मचारीलाई IT तालिम, आधारभूत कम्प्युटर तालिम तथा डिजिटल साक्षरता अभियान सञ्चालन गरिनेछ ।

९४. सार्वजनिक सरोकारको विषयसँग सम्बन्धी सूचनाहरूमा सबै नागरिकहरुको पहुँचको सुनिश्चितताका लागि गाउँपालिकाबाट प्रकाशन हुने विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

९५. सार्वजनिक सेवा प्रवाह व्यवस्थित गर्न डिजिटल बोर्ड र डिजिटल नागरिक वडापत्रको सदुपयोगबाट विद्युतीय सूचना प्रणालीको प्रयोगलाई प्रभावकारिता मूल्याङ्कन गर्ने र सुधारका लागि नीति समीक्षा गर्ने प्रणाली विकास गरिनेछ ।

## श्रम तथा रोजगार

९६. एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थान) कार्यविधि, २०८० बमोजिम रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन रोजगार सेवा केन्द्र मार्फत सञ्चालन हुने कार्यक्रम तथा रोजगारी सिर्जनाको लागि आवश्यक बजेट साझेदारी गरिनेछ । साथै, संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

९७. बेरोजगार व्यक्तिहरूको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । दर्ता भएका बेरोजगार व्यक्तिहरूलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक श्रममूलक योजना कार्यान्वयन गरि समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।

९८. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धन गर्न र बेरोजगारीलाई न्युनिकरण गर्न श्रमिक धेरै लाग्ने गाउँपालिका स्तरीय उप-आयोजनाहरूमा कम्तिमा ५० प्रतिशत श्रमिक रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखि कार्यान्वयन गरिने छ । साथै, लुङ्ग्री गाउँपालिकालाई बाल श्रम मुक्त पालिका घोषणा गरिनेछ ।

९९. रोजगार रणनीतिलाई अद्यावधिक गरि गाउँपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान तथा व्यवस्थापन गरि वैदेशिक रोजगारीबाट फर्किएका रिटर्नी युवाहरूलाई उनीहरुको सीप, पुँजी, अनुभव र क्षमतालाई स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ ।

१००. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत, पुनः श्रम स्वीकृति, वैदेशिक रोजगार सम्बन्धी कार्य (खोज तथा उद्दार, मृतकको शव झिकाउने, निःशुल्क शव ढुवानी, क्षतिपूर्ति, पारिवारिक स्वास्थ्य उपचार र बिरामी अङ्गभङ्ग) लाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ ।

१०१. आन्तरिक रोजगारी सिर्जना गर्न युवा पुस्ताको नविन सोच र प्रबिधिप्रतिको आकर्षणलाई मध्यनजर गर्दै तालिम केन्द्रहरू तथा विज्ञहरूसँगको समन्वयमा व्यवसायीक तालिम सञ्चालन गरि बेरोजगार व्यक्तिलाई दक्ष जनशक्तिको रूपमा विकास गरी स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ । साथै, सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिई युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्य गर्न प्रोत्साहित गरिनेछ ।

१०२. गाउँपालिका क्षेत्रमा रहेका लघु उद्योग तथा नयाँ युवा उद्यमीलाई प्रबिधिमा सहयोग, छुट, मिनाहा तथा आवश्यक सहुलियत उपलब्ध गराइनेछ । साथै, युवाहरुको व्यक्तिगत बृत्ती बिकास मार्ग पत्ता लगाउन करियर परामर्श कक्षा (Career Consultation Class) सञ्चालन गरिनेछ ।

१०३. श्रमको सम्मान राष्ट्रको अभियानलाई अवलम्बन गर्नै लुङ्ग्री गाउँपालिकाद्वारा सञ्चालन हुने औपचारिक क्षेत्रका उप-आयोजनाहरूमा “समान काम, समान ज्याला” को सुनिश्चितको व्यवस्था मिलाइनेछ । साथै, गाउँपालिकाबाट सञ्चालन हुने जुनसुकै आयोजनाहरूमा

श्रमिकहरूको कार्यस्थलको स्वास्थ्य सुरक्षा, बिमा, छुट्टी तथा समुचित पारिश्रमिकको सुनिश्चित गर्नका लागि कानुनी व्यवस्था गरी उचित कामकाजी अवस्था सुनिश्चित गरिनेछ ।

१०४. "रोजगारी बैंक" तथा श्रम, रोजगार सहकारी सञ्चालन गरी "एक परिवार एक रोजगार" अवधारणा अवलम्बन गर्दै वेरोजगार युवा उद्यमशीलता प्रोत्साहन अनुदान कार्यक्रम (Business Plan Competition, Incubation Support) सञ्चालन गरिनेछ । साथै, श्रम बजारमा आधारित रेफरल सेवा सञ्चालन गरिनेछ ।

१०५. प्राविधिक विद्यालयमा स्थानीय बजारमा चलिरहेका रोजगारका अवसरसँग मेल खाने सीप सिकाउने व्यवस्था गर्नुका साथै "पढ्दै र कमाउँदै" कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ । साथै, स्थानीय बजारको आवश्यकता र प्रवृत्तिहरूसँग मेल खाने प्रविधिको उपयोग गरेर कार्यस्थलको उत्पादनशीलता बढाउन प्रेरित गरिनेछ ।

१०६. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीहरुको लागि श्रम तथा रोजगार सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।

१०७. रोजगार सेवा केन्द्र मार्फत स्व-रोजगार तथा वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन "श्रम संसार" डिजिटल प्लेटफर्ममार्फत सूचनाहरू उपलब्ध गराउन र लुङ्ग्री गाउँपालिकाको "वैदेशिक रोजगार प्रोफाइल" निर्माण गरिनेछ ।

**गरिवि निवारण तथा लघुउद्यम**

१०८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई साझेदारीमा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

१०९. लक्षित समूहको आवश्यकता पहिचान गरि नयाँ उद्यमी सिर्जना गर्ने साथै पुराना उद्यमीहरूको लागि पुनर्ताजकी तालिम एवम् मागमा आधारित प्रविधि हस्तान्तरण कार्यलाई निरन्तरता दिइनेछ । साथै, युवा उद्यमि, महिला उद्यमि तथा एकल महिला उद्यमिहरुलाई सम्मान गरि स्वरोजगारितातिर लाग्न प्रोत्साहन गरिनेछ ।

११०. स्थानीय उत्पादनमा आधारित व्यवसायबाट उत्पादित सामाग्रीहरूको बजार व्यवस्थापनमा सहयोग पुऱ्याउन उद्यमशिलता (SYIB) तालिम मार्फत युवावर्गलाई स्थानीय स्रोत र साधनको उपयोग गरि उद्यमि बन्नका लागि प्रेरित गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

१११. व्यक्तिगत घटनामा नागरिकको समग्र सेवा प्रवाहमा सुधार ल्याउन व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) प्रयोग गर्ने गाउँपालिका/वडाका कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

११२. सामाजिक सुरक्षा भत्तालाई नागरिको पहुँच योग्य, पारदर्शी र जनमैत्री बनाउने उद्देश्य सहित बैङ्क सँगको समन्वयमा बस्ती स्तरबाट भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

११३. व्यक्तिको कानूनी पहिचान र राज्यबाट प्रवाह हुने सेवा प्राप्तिको लागि घटना घटेको पैंतीस दिन भित्र सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गइ व्यक्तिगत घटना दर्ता गरौं गराऔं भन्ने मूल सन्देशका साथ व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमको आयोजना गरी व्यक्तिगत घटना दर्ता सम्बन्धी समुदायमा जनचेतना फैलाइनेछ ।

११४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरूको पहिचान दर्ता तथा नवीकरण कार्यलाई थप सहज र पारदर्शी बनाउनका लागि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NID-MIS) बीच आबद्धता गरिसकेको हुँदा उक्त कार्यको लागि आवश्यक पर्ने Biometric Verification कार्यलाई कार्यान्वयनमा जोड दिइनेछ ।

११५. नेपाल सरकारले आफ्नो स्वामित्वमा रहेको निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र अनिवार्य भएको हुँदा राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता भएको कार्ड प्राप्त नगरेका व्यक्तिहरूका लागि जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सँग समन्वय गरी गाउँपालिकाबाट कार्ड वितरण गरिनेछ।

**बहुक्षेत्रीय पोषण**

११६. सामाजिक विकासको प्राथामिकता नतिजा र प्रभावमा बहुआयामिक प्रभाव पार्ने पोषण सँग सम्बन्धित क्रियाकलापहरुलाइ संस्थागत गर्न र पोषण मैत्री स्थानीय तहको परिकल्पनालाइ साकार पार्न, कार्यक्रमलाई थप विस्तार गर्न र पोषण क्षेत्रमा लगानी वृद्धि गर्नका लागि विकास साझेदार निजी क्षेत्र गैरसरकारी संघसस्था सँगको समन्वयकारी भूमिकामा जोड दिइनेछ ।

११७. बालबालिकामा रहेको कम तौल पुड्कोपन ख्याउटेपन मोटोपन र किशोरी तथा महिलामा रहेको मोटोपन रक्तअल्पता र सुक्ष्म पोषण तत्वको कमीमा सुधार गरी पुस्तान्तर कुपोषणको दुष्चक्रलाइ तोड्न नेपाल सरकारको दिगो विकास लक्ष्य अनुरुप कार्ययोजना वनाइ कार्यन्वयन गरिनेछ । साथै, स्वस्थ मानव पुँजिको विकास गर्न बहुपक्षीय क्षेत्रलाइ एकीकृत एवम क्षेत्रगत रुपमा क्रियाशिल गराउन नेपाल सरकारको प्राप्त अनुदान रकममा स्थानिय तहले साझेदारी गरिने छ ।

११८. कुपोषणको अन्त्य मानव पुँजी निर्माण र समग्र सामाजिक, आर्थिक विकास गर्ने दीर्घकालिन लक्ष्य सहित पोषणको दृष्टिकोणले पाच वर्ष मुनिका बालबालिका, किशोर किशोरी र प्रजनन उमेर समुहका महिलाहरुको लागी पोषण सम्बन्धी चेतना अभिवृद्धि गरी स्थानीय खाद्यवस्तु उपभोगमा वृद्धि गर्न विषयगत शाखा र वडा कार्यालयहरुसँग समन्वय गरी पोषण कार्यक्रम सञ्चालन गरिने छ । साथै, अपेक्षित सुचकहरु हासिल गरेका वडाहरुलाइ पोषण मैत्री वडा घोषणा साथै पोषणमैत्री स्थानिय तह घोषणा गरिनेछ ।

**सभाका सदस्यहरु,**

**न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन**

११९. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरु स्थानीय न्यायिक समितिसम्म निरुपन गर्नका लागि न्यायिक समितिका पदाधिकारी तथा सामुदायिक मेलमिलापकर्ताहरुका लागि पुनर्ताजगी तालिम सञ्चालन गरिनुका साथै न्यायिक समितिको कार्यालयमा इजलास र वडामा मेलमिलापकेन्द्र विस्तार गरिनेछ ।

१२०. स्थानीय न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विषयहरूमा लुङ्ग्री गाउँपालिका भित्रका पीडित पक्षले निशंकोच निवेदन पेस गर्ने वातावरण सिर्जना गर्न, स्थानीय न्यायिक समितिमा पेस हुने निवेदनको निरूपण गर्न, समुदाय तथा विद्यालयमा कानूनी सचेतना बढाउनका लागि गाउँपालिका स्तरमा एक जना कानुनी परामर्शकर्ता नियुक्ति गरी निःशुल्क कानूनी परामर्श सेवा प्रदान गरिनेछ ।

**राजस्व तथा आन्तरिक श्रोत परिचालन**

१२१. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजस्व बाँडफाँट, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गै.स.सं.को स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गै.स.सं. विकास साझेदार सँग परामर्श, समन्वय, र साझेदारी गरिनेछ ।

१२२. गाउँपालिका भित्र संचालनमा रहेका पसल, उद्योग, संकलन केन्द्र लगायतका अन्य व्यवसायहरूलाई करको दायरमा ल्याउन प्रत्येक वडामा घुम्ती शिविर सञ्चालनमा ल्याइने छ।

१२३. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धि गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरी गाउँपालिका भित्रका सम्पूर्ण आर्थिक गतिविधिलाई करको दायरामा ल्याइने छ । साथै, आन्तरिक करको हिस्सा वृद्धि गर्नका लागि करका दरलाई कम गरी करको दायरा विस्तार गर्ने नीति अनुरूप एकीकृत सम्पती कर तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१२४. सार्वजनिक तथा निजि स्वामित्वमा रहेका ढुङ्गा तथा स्लेट खानीहरुलाई आवश्यक कानूनी प्रक्रिया पुऱ्याइ करको दायरामा लिइनेछ । साथै, गाउँपालिकाको राजस्व तथा सम्भावित स्रोत पहिचान र परिचालनको सम्भाव्यता अध्ययनको लागि आवश्यक प्रबन्ध मिलाइनेछ ।

**विकास साझेदार सँगको परामर्श, सहकार्य, समन्वय एवं साझेदारी**

१२५. स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना र स्थानीय श्रोत साधनको समुचित उपयोगका लागि गै.स.सं. सँग साझेदारीका लागि प्राथमिकता दिइनेछ ।

१२६. दिगो विकासको लक्ष्य नं. १७ हासिल गर्न अन्तर्राष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउन बेलायत सरकारको आर्थिक सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गरिनेछ ।

१२७. बेलायत सरकार र लुङ्ग्री गाउँपालिकाको सह-लगानीमा सञ्चालन भएको स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम (LISP) लाई निरन्तरता दिइनेछ ।

१२८. कृषि तथा पशु उपजको उत्पादनमा वृद्धि गरी बजारिकरणको सुनिश्चितताका लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता साझेदारी कार्यक्रमबाट स्थापना गरिएका सहकारी तथा समूहहरूलाई सबलीकरण गरिनेछ ।

१२९. अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रमबाट राष्ट्रिय प्राथमिकता, नेपालले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता, गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचनाले लिएका लक्ष्यहरूको क्रमशः कार्यान्वयन गरी गाउँपालिकाको समग्र विकासमा टेवा पुग्ने अपेक्षा लिएको छु । प्रस्तुत नीति तथा कार्यक्रमलाई आधार बनाई बजेट तथा कार्यक्रम तर्जुमा गरिने प्रतिबद्धता यसै सभा मार्फत गर्दछु। यस नीति तथा कार्यक्रम तयार पार्नमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने सम्पूर्ण जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, सुरक्षाकर्मी, पत्रकार, गैर सरकारी संघसंस्थाहरु, आम नागरिक लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

**॥ धन्यवाद ॥**